# वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा.कान्चन चन्द्र वादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना** : वृत्ति, रोजगारी, सीप तथा जीवनपर्यन्त सिकाइलाई श्रम बजारको आवश्यकता वैयक्तिक रुचि, खुबी र क्षमता अनुसार दिगो, मर्यादित र व्यवस्थित रुपमा युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका कामदार तथा उनीहरूका परिवार, विद्यालय, स्थानीय क्लब, युवासँग सम्बन्धित संघ/संस्थालाई सूचना, परामर्श र वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने उद्देश्यले, प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ (२) बमोजिम सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कामदार" भन्नाले उद्योग, व्यवसायको उत्पादन वा सेवा प्रदान गर्ने कार्य तथा त्यस्तो कार्यसँग सम्बन्धित अरु कुनै आकस्मिक काम गरे बापत पारिश्रमिक दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "डाटावेस प्रणाली" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी परामर्शको लागि आएका सेवाग्राहीहरूको विवरण र रोजगारदाताहरूले प्रदान गर्ने सेवा तथा आवश्यक जनशक्ति सम्बन्धी विवरण राख्ने अनलाइन प्रणालीलाई सम्झनु पर्छ ।

(ग) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको परिच्छेद ३ को दफा ६(१) बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(घ) "निर्देशन पुस्तिका" भन्नाले विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि तयार गरिएको पुस्तिकालाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(च) "युवा" भन्नाले उच्च शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हासिल गर्ने वा रोजगारीको खोजीमा रहेका युवालाई सम्झनु पर्छ ।

(छ) "रोजगार सेवा केन्द्र" भन्नाले बागमती प्रदेश अन्तर्गत स्थानीय सरकारको मातहत सञ्चालनमा रहेका रोजगार सेवा केन्द्रलाई सम्झनु पर्छ ।

(ज) "विद्यार्थी" भन्नाले विद्यालयमा कक्षा ८ वा सोभन्दा माथि अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्छ ।

(झ) "विद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन इकाई" भन्नाले विद्यालय तहमा संचालन हुने सम्पूर्ण वृति मार्गनिर्देशन सेवा व्यवस्थापनको लागि स्थापना हुने इकाई सम्झनु पर्छ।

(ञ) "विद्यालय/शैक्षिक संस्था" भन्नाले सामुदायिक र संस्थागत विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा मान्यता प्राप्त तालिम प्रदायक संस्थालाई सम्झनु पर्छ ।

(ट) "वृत्ति" भन्नाले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित, आयमूलक र जीवनयापन गर्न सकिने पेशा वा ब्यवसयालाई सम्झनु पर्छ ।

(ठ) "वृत्ति जानकारी पुस्तिका" भन्नाले विभिन्न वृत्तिहरूको बारेमा विस्तृत रुपमा तयार गरिएको पुस्तिकालाई सम्झनु पर्छ ।

(ड) "वृत्ति मार्गनिर्देशन सेवा इकाई संयोजक" भन्नाले स्थानीय तहमा स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा इकाई संचालन तथा ब्यबस्थापनको लागि तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

(ढ) "वृत्ति मार्गनिर्देशन शिक्षक" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयका तोकिए बमोजिम प्रशिक्षक प्रशिक्षण तालिम लिएका शिक्षकलाई सम्झनु पर्छ ।

(ण) "वृत्ति मार्गनिर्देशन सेवा" भन्नाले युवा, विद्यार्थी, बैदेशिक रोजगारबाट फर्किएका कामदारलाई वृत्ति मार्गनिर्देशन/परामर्शको लागि यस कार्यविधि अनुसार प्रदान गरिने सेवालाई सम्झनु पर्छ ।

(त) "संयोजक" भन्नाले शिक्षा तालिम केन्द्रले तोकेको संयोजकलाई सम्झनु पर्दछ ।

(थ) "सामाजिक विकास कार्यालय" भन्नाले सामाजिक विकास मन्त्रालय अन्तर्गतका विभिन्न कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालय मातहतमा स्थापना भएको कार्यालयलाई सम्झनु पर्छ।

(द) "स्थानीय क्लब/संघ/संस्था" भन्नाले बागमती प्रदेश भित्र नियमानुसार दर्ता भई स्थानीय तह/स्तरमा सञ्चालनमा रहेका युवा क्लब, स्वयंसेवामुलक/सेवामुलक संस्थाहरूलाई सम्झनु पर्छ ।

(ध) "स्थानीय सरकार" भन्नाले बागमती प्रदेश अन्तर्गतका स्थानीय तहहरूलाई सम्झनु पर्छ।

(न) "स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवा इकाइ" भन्नाले स्थानीय तह मार्फत प्रदान गरिने सम्पूर्ण वृत्ति मार्गनिर्देशन सेवा व्यवस्थापनका लागि स्थापना गरिने इकाइ सम्झनु पर्छ ।

(ऩ) "विद्यार्थीहरुलाई कामको संसार चिनाउने" भन्नाले विद्यार्थीहरुलाई कामको पूर्व अनुभव प्रदान गर्न आधारभूत सीप, उद्योग/विश्वविद्यालय/शिक्षालय भ्रमण, उद्यमशीलता विकास सम्बन्धी कार्यशाला, रोजगारीको अवलोकन आदि सम्झनु पर्छ ।

(प) "विद्यालयमा करियर ल्याव" भन्नाले विद्यार्थीहरुलाई कामको संसार चिनाउन स्थापना गरिने ल्याव लाई सम्झनु पर्छ

मा.कन्चन चन्द्र बादे
मन्त्री

परिच्छेद - २

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको उद्देश्य र सेवा सञ्चालन प्रकिया

३. उद्देश्यः

यस कार्यविधिको उद्देश्य देहाय अनुसार रहेको छः

क) विद्यालय तहको कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुको रुची र खुवी अनुसार सुसुचित वृत्ति मार्गमा प्रवेश गर्न सहजीकरण गर्नु

ख) प्रदेश भित्रका युवाहरुलाई वृत्ति मार्ग सेवा प्रदान गर्नु,

ग) प्रदेशभित्र वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनका लागि व्यवस्थापकीय प्रबन्ध गर्नु ।

घ) विधालय तहमा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनका लागि व्यवास्थापकीय प्रवन्ध गर्नु ।

४. **वृत्ति मार्गनिर्देशन अन्तर्गत प्रदान गरिने सेवा** : (१) मार्गनिर्देशन सेवा सञ्चालनको सम्पूर्ण जिम्मेवारी शिक्षा तालिम केन्द्र, धुलिखेलमा रहनेछ। सो सम्बन्धी कार्यको व्यवस्थापनका लागि तालिम केन्द्रले वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि तपसिल बमोजिम व्यवस्था गर्नेछ।

(क) सेवा केन्द्रको मूख्य कार्यालय शिक्षा तालिम केन्द्र धुलिखेलमा रहनेछ।

(ख) शिक्षा तालिम केन्द्र प्रमुखले अन्य व्यवस्था नभएसम्मका लागि वृत्ति मार्गनिर्देशन सम्बन्धी परामर्श सेवा प्रदान गर्न सक्ने उपयुक्त योग्यता र क्षमता भएको तालिम केन्द्रमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई वृत्ति मार्गनिर्देशन केन्द्रको संयोजकको समेत थप जिम्मेवारी दिई काममा लगाउनु पर्नेछ।

(२) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी गुणस्तरीय एवम् प्रभावकारी सूचना, परामर्श आदि सेवा प्रदान गर्नको लागि विद्यालयबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान, स्थानीय तहको क्षमता अभिवृद्धि लगायतका कार्यहरुमार्फत देहायका सेवाहरु सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछः

(क) वृत्ति मार्गनिर्देशन सम्बन्धी सूचना, जानकारी एवम् परामर्श सेवा,

(ख) वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी सुचनामूलक सामग्रीको उत्पादन, प्रसारण, प्रकाशन, प्रबोधिकरण तथा वितरण सम्बन्धी सेवा,

(ग) कामको खोजीमा रहेका युवा, विद्यार्थी, कामदार, शैक्षिक संस्थाको तथ्याङ्क, विवरणको संकलन, तालिकीकरण तथा विश्लेषण सम्बन्धी सेवा,

(घ) विद्यार्थी/युवाहरूलाई साधारण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सम्बन्धी सेवा

(ङ) स्थानीय तहको रोजगार सेवा केन्द्र/विद्यालय, सिप विकास इकाईबाट प्रदान हुने सेवासँग एकीकृत हुने गरी आवश्यक समन्वय र सहकार्य सम्बन्धी सेवा,

(च) श्रम बजार अनुसार योग्य जनशक्ति तयारीको लागि व्यक्तिगत विवरण (CV), अन्तर्वार्ताको तयारी तथा योग्यता जाँचबुझ कार्यहरू सम्बन्धी सेवा,

(छ) सूचना, तथ्याङ्क तथा कार्यविवरणमा प्रविधिको माध्यमबाट सर्वसाधारणको पहुँच र उपयोगिता अभिवृद्वि सम्बन्धी सेवा,

(ज) पारस्परिक सिकाइ तथा अनुभवको आदानप्रदान सम्बन्धी सेवा,

(झ) विद्यार्थी तथा युवाहरुलाई विद्यमान श्रम बजारको सम्भावना बारे जानकारी प्रदान गर्ने ।

(ञ) विद्यार्थीहरुको रुची र खुबीको आधारमा क्षमता पहिचान गर्न सहजीकरण गर्दै उनीहरुले भविष्यमा आर्जन गर्न चाहेको अध्ययन र सीपमूलक तालीम सम्बन्धमा जानकारी प्रदान गर्ने।

(ट) विद्यार्थी तथा युवाहरुलाई बागमती प्रदेशभित्र रहेका बिभिन्न प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन गराउने संस्था र त्यस्ता संस्थामा तालिमका लागि आवश्यक पर्ने आधारभूत कुराहरुबारे जानकारी प्रदान गर्ने ।

(ठ) विद्यार्थीहरुलाई कामको पूर्व अनुभव प्रदान गर्न आधारभूत सीप, उद्योग/विश्वविद्यालय/शिक्षालय भ्रमण, उद्यमशीलता विकास सम्बन्धि कार्यशाला, रोजगारीको अवलोकन आदि मार्फत कामको संसार चिनाउने क्रियाकलापहरू संचालन गर्ने,

(३) माथि उल्लेखित सेवाहरूको प्रक्रियागत विवरण अनुसूची -१ अनुसार गर्न सकिनेछ ।

**५. सेवा प्रवाहको प्रक्रिया :**

(१) विभिन्न प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सञ्चालन गर्ने शिक्षालय, सामाजिक विकास कार्यालय, शिक्षा तालिम केन्द्र र सो मातहतमा विस्तारित तालिम इकाइ, स्थानीय तह, विद्यालय, शिक्षा तथा वृत्ति विकास सम्वन्धी काम गर्ने संघ/संस्थामार्फत वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न अवलम्बन गर्ने प्रक्रिया निम्नानुसार हुनेछ :-

(क) वृत्ति मार्गनिर्देशन/परामर्श सेवा सञ्चालनको विभिन्न विधि, पद्धति, सामग्री तथा उपकरणहरू मार्फत लक्षित समूहको लागि प्रदान गरिने सेवाको पहिचान गर्ने

(ख) सिप, वृत्ति आँकलन/जाँचबुझ विधि र औजारको विकास गर्ने

(ग) रुचि र खुबीको तथ्याङ्क/जाँचबुझ तथा आँकलन गर्ने

(घ) विद्यार्थी/युवावर्ग, विभिन्न व्यक्ति तथा सेवाग्राहीहरूलाई वृत्ति मार्ग-निर्देशन/परामर्श सेवा प्रदान गर्नको लागि स्तरीय आचारसंहिता तथा मापदण्ड तय गर्ने

(ङ) अडियो तथा भिडियो सामग्रीको विकास गर्ने

(च) अन्तरक्रियात्मक सिकाइ विधिहरू सञ्चालन गर्न

(छ) साइकोमेट्रिक जाँच (Psychometric test) तथा आचरण/योग्यता जाँचको लागि विभिन्न विधि/औजार (Tools) विकास गर्ने

(ज) अनलाइन डिजिटल प्लेटफर्म मार्फत सेवाको विस्तार तथा लक्षित वर्गको पहुँच बढाउने

(झ) स्थानीय तह वा मन्त्रालय मातहतका कार्यालयहरूबाट वृत्ति मार्गनिर्देशन सेवा उपलब्ध गराउने

(ञ) वृत्ति मार्गनिर्देशन सेवालाई सूचना तथा प्रविधिको माध्यमबाट सञ्चालीकरण गर्ने ।

(ट) वृत्ति मार्गनिर्देशन सेवा प्रवाह/सञ्चालनको ढाँचा अनुसूची -२ मा उल्लेख गरिएको छ ।

## परिच्छेद - ३

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी संरचनात्मक व्यवस्था

**६. वृत्ति मार्गनिर्देशक समिति :** (१) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई मार्गनिर्देशन प्रदान गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) महानिर्देशक, शिक्षा विकास निर्देशनालय -सदस्य

(ग) कार्यकारी निर्देशक, शिक्षा तालिम केन्द्र - सदस्य

(घ) कार्यालय प्रमुख प्रदेश युवा परिषद् - सदस्य

(ङ) निर्देशक समितिले मनोनित गरेको निजी क्षेत्रको एक जना प्रतिनिधि -सदस्य

(च) निर्देशक CTEVT बागमती प्रदेश कार्यालय -सदस्य

(छ) निर्देशक समितिले मनोनित गरेको स्थानीय तहको शिक्षा प्रमुख -सदस्य

(ज) प्रमुख कार्यकारी निर्देशक, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् - सदस्य

(झ) महाशाखा प्रमुख, प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम हेर्ने, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित निर्देशक समितिले आवश्यकता अनुसार बिभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि तथा विज्ञहरूलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक भत्ता प्रदेश सरकारको प्रचलित नियम बमोजिम हुनेछ ।

**७. वृत्ति मार्गनिर्देशक समितिको काम, कर्तव्य र अधिकार : (१)** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वृत्ति मार्गनिर्देशक सेवा सञ्चालनको ढाँचा र स्वरूप सम्बन्धमा आवश्यक मार्गनिर्देशन गर्ने

मा. कान्चन चन्द्र वादे
मन्त्री

(ख) स्रोत परिचालनको लागि स्थानीय तह, गैर सरकारी संस्था एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने

(ग) प्रदेशभित्र सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवालाहरू बिच आवश्यक समन्वय र सहकार्य गर्ने

(घ) सञ्चालित सेवाको अनुगमन तथा मूल्यांङ्कन एवम् आवश्यक सुधारको लागि निर्देशन गर्ने।

८. **वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन समिति : (१)** वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार स्थानीय तहहरूमा देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ :-

(क) नगरपालिका/गाउँपालिका प्रमुख वा उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) सामुदायिक माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट समितिले मनोनयन गरेको १ जना प्रधानाध्यापक -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको रोजगार संयोजक -सदस्य

(च) स्थानीय युवा विकास क्षेत्रमा कियाशील संघ/संस्था मध्येबाट १ जना प्रतिनिधि -सदस्य

(छ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा -सदस्य-सचिव

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम क्षेत्र र वृत्ति मार्गनिर्देशन सेवामा क्रियाशील संघ/संस्थाको प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

९. **वृत्ति मार्गनिर्देशन सेवा कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकारः** (१) वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रम स्थानीय तहमा सञ्चालनको लागि कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवा इकाइको स्थापना तथा कार्यक्रमको योजना तर्जुमा गरी सञ्चालनमा सहयोग गर्ने

(ख) विद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन इकाइ स्थापना, व्यवस्थापन तथा आवश्यक अभिमुखीकरण कार्यको लागि सहजीकरण गर्ने

(ग) वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रमको विस्तारको लागि आवश्यक स्रोत तथा जनशक्तिको व्यवस्थापनको लागि सहजीकरण गर्ने

(घ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यक्रमहरूको एकरूपता तथा गुणस्तरीयताको लागि सरोकारवालाहरू बिच आवश्यक समन्वय र सहकार्य गर्ने

(ङ) विद्यालयमा वृत्ति परामर्श/मार्गनिर्देशन व्यवस्थापन सिप (Career Management Skills) सम्बन्धी कार्यहरू सञ्चालन गर्ने

(च) वृत्ति मार्गनिर्देशन शिक्षक मार्फत विद्यालयमा विद्यार्थीहरूको ज्ञान, सीप, क्षमता विकासलाई श्रम बजारसँग आवद्ध गर्ने गरी आवश्यक वृत्ति विकासको लागि सहजीकरण गर्ने

(छ) शिक्षा, तालिम तथा वृत्ति विकास सम्बन्धी काम गर्ने संघ/संस्था सँग समन्वय गरी एकीकृत रूपमा कार्य सञ्चालनमा टेवा पुऱ्याउने

(ज) सञ्चालित सेवाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्याङ्क तथा विवरणको अनलाइन तथा अफलाइन अभिलेखीकरण गर्ने ।

१०. **वृत्ति मार्गनिर्देशन संयोजकको काम कर्तव्य र अधिकार :**

(क) वृत्ति मार्गनिर्देशन/परामर्श सेवाका लागि जनशक्ति व्यवस्थापन लगायतको आवश्यक कार्य संयोजन गर्ने

(ख) स्थानीय तह तथा विद्यालयस्तरमा सञ्चालन हुने वृत्ति मार्गनिर्देशन कार्यक्रमहरूको अनुगमन, निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने

(ग) वृत्ति मार्गनिर्देशन सेवालाई प्रभावकारी बनाउन वृत्ति मार्गनिर्देशन प्रदान गर्ने विज्ञहरूको रोस्टर सूची तयार पार्ने

(घ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी आवश्यक सामग्रीहरू विकास गर्न आवश्यक कार्य गर्ने

(ङ) प्रशिक्षक प्रशिक्षण लगायतका तालिम सञ्चालनका लागि आवश्यक व्यवस्थापन गर्ने

(च) स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र, उद्योग र विद्यालयसँग समन्वय गर्ने

(छ) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित अभिलेखहरू अध्यावधिक गरी राख्ने

(ज) सूचना, तथ्याङ्क तथा विवरणको प्रविधिमैत्री डाटावेशको व्यवस्थापन सुनिश्चित गर्ने।

(झ) वृत्ति मार्गनिर्देशन सम्बन्धि मासिक प्रगति प्रतिवेदन तालीम केन्द्र प्रमुख समक्ष पेश गर्ने।

११. **वृत्ति मार्गनिर्देशन सेवा इकाई संयोजकको काम, कर्तव्य र अधिकार:**

(क) स्थानीय तहमा स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा इकाईलाई संचालन तथा व्यवस्थापनाको लागि आवश्यक संयोजन गर्ने,

(ख) विद्यार्थी/युवालाई सामूहिक र व्यक्तिगत रूपमा वृत्ति मार्गनिर्देशन सम्बन्धी निर्देशन/परामर्श सेवा प्रदान पहल गर्ने

(ग) सेवाग्राहीहरूको तथ्याङ्क सूचनाहरू संकलन गरी सुरक्षित राख्ने

(घ) वृत्ति मार्गनिर्देशन सेवा इकाईलाई व्यवस्थित गरेर राख्ने

(ङ) इकाईमा भएको सामग्रीहरू सुरक्षित साथ मिलाएर राख्ने साथै आवश्यक सामग्री थप गर्नको लागि पहल गर्ने

(च) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण अभिलेखहरू सुरक्षित रुपमा राख्ने

(छ) निर्देशक समितिले दिएको निर्देशनको पालना र कार्यन्वयन गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन सेवा इकाई संचालन मापदण्डमा उल्लेख भए बमोजिमको क्रियाकलापहरु कार्यन्वयन गर्ने/गराउने

(झ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धि तालीम लिने र सोहि अनुरुप सेवा प्रदान गर्ने ।

(ञ) सेवा प्रदान गर्नको लागि थप जनशक्ति छनोटको मापदण्ड अनुसूची -३ बमोजिम हुनेछ।

## परिच्छेद - ४

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा विभिन्न निकायहरूको जिम्मेवारी

### १२. सामाजिक विकास मन्त्रालयको काम, कर्तव्य र अधिकार :

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि आवश्यक स्रोत साधन तथा बजेटको व्यवस्थापन गर्ने

(ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि अन्य मन्त्रालय, दातृ निकाय र सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सम्बन्धी शिक्षालयहरूसँग समन्वय गरी सेवा विस्तारको लागि कार्य सञ्चालन गर्ने/गराउने

(घ) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने जनशक्तिलाई क्षमता अभिवृद्धिका अवसर सिर्जना गर्ने

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाइ सामग्रीहरूको व्यवस्थापनका लागि डिजिटल प्लेटफर्मको व्यवस्थापन, अध्यावधिक र मातहतका कार्यालयहरुको लागि सहजीकरण गर्ने

(च) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने

(छ) सूचना, तथ्याङ्क तथा विवरणको प्रविधिमैत्री डाटाबेसको व्यवस्थापन सुनिश्चित गर्ने

(ज) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने गराउने

(झ) वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमको समयसमयमा अनुगमन एवम् आवश्यक सुधारको लागि निर्देशन गर्ने ।

## १३. शिक्षा विकास निर्देशनालयको काम कर्तव्य र अधिकार :

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि स्थानीय तहलाई सहयोग तथा समन्वय गर्ने

(ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश भित्रका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई र विद्यालयहरूसँग समन्वय, सहकार्य तथा सहजीकरण गर्ने

(ग) विद्यार्थीहरूको वृत्ति विकास विवरणलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग जोड्ने

(घ) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धमा विद्यालयमा अनुगमन तथा सहजीकरण गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमलाई नियमित शैक्षिक क्यालेन्डरमा राखी कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा समन्वय तथा अनुगमन गर्ने ।

## १४. शिक्षा तालिम केन्द्रको काम, कर्तव्य र अधिकार:

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण र पुनर्ताजगी तालिम लगायत क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्ने,

(ख) शिक्षा तालिम केन्द्रको मातहतमा संचालनमा रहेको वृत्ति मार्गनिर्देशन सेवालाई थप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्ने,

(ग) शिक्षा तालिम केन्द्रको मातहतमा संचालनमा रहेको वृत्ति मार्गनिर्देशन सेवालाई वृत्ति मार्गनिर्देशन सेवाको लागि प्रदेशस्तरीय श्रोत केन्द्रको रुपमा विकास गर्न पहल गर्ने,

(घ) रुचि र खुबीको आधारमा क्षमताको आँकलनकालागि विभिन्न साधन/विधि, सिकाइ सामग्रीहरूको निर्माण, अध्यावधिक, प्रकासन तथा वितरण गर्ने

(ङ) स्थानीय तहमा स्थापना भइ संचालन भइरहेका वृति मार्गनिर्देशन सेवा इकाई, विभिन्न प्राविधिक शिक्षालय/विद्यालयहरुमा स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा इकाई र करियर ल्यावहरुलाई प्राविधिक सहयोग गर्ने

(च) प्रविधिको प्रयोग गरी सिकाइ सामग्रीहरूलाई डिजिटलाइजेसन गर्ने

(छ) प्राविधिक कार्यको लागि स्रोत केन्द्रको रुपमा विकास गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन कार्यमा संलग्न निकाय तथा कर्मचारीहरुको क्षमता बिकासको लागि कार्य गर्ने ।

(झ) प्रदेश स्तरीय विभिन्न सरकारी कार्यालय, स्थानीय तह, विश्वविद्यालय, निजि संस्था आदि संगको साझेदारीमा वृत्ति मार्गनिर्देशन तथा रोजगारी मेला आयोजना गर्न सहयोग गर्ने ।

## १५. स्थानीय तहको काम, कर्तव्य र अधिकार :

मा.कन्चन चन्द्र बादे
मन्त्री

(क) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवालाई संस्थागत गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवामा सहज पहुँच अभिवृद्धिका लागि स्थानीय तहमा र विद्यालयहरुमा वृत्ति मार्गनिर्देशन सेवा इकाइ र करियर ल्याव स्थापना, व्यवस्थापन र कार्यान्वयन गर्ने

(ग) विद्यालयमा वृत्ति मार्गनिर्देशन सत्र संचालनको लागि आवश्यक सामग्री र बजेटको व्यवस्था गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने

(ङ) वृत्ति मार्गनिर्देशन सेवामा आवद्ध जनशक्तिलाई क्षमता अभिवृद्धि तालिमको लागि सहयोग गर्ने

(च) आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाइ सामग्रीको लागि सहयोग गर्ने

(छ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग गर्ने

(ज) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक सूचना, तथ्याङ्क तथा विवरणको डाटावेश प्रणाली विकासको लागि सरकारी, गैरसरकारी, विकास साझेदार तथा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने

(झ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने

(ञ) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन, अवलोकन तथा सिकाइलाई संस्थागत गर्ने।

१६. **निजी क्षेत्र तथा उद्योग व्यवसायी संघ/महासंघको काम, कर्तव्य र अधिकार :**

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने

(ख) बजारको माग अनुसारको आवश्यक सिप तथा क्षमताको पहिचान गरी जानकारी उपलब्ध गराउने

(ग) श्रम बजारको अवस्थाको जानकारी तथा अभिमुखीकरणको लागि सहजीकरण गर्ने

(घ) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि विभिन्न उद्योग व्यवसाय मार्फत सहजीकरण गर्ने

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने

(च) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्याङ्क साथै सिकाइ र असल अभ्यासलाई प्रचार प्रसार गर्ने

(छ) वृत्ति विकास कार्यमा संलग्न जनशक्तिलाई क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने

(ज) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

(झ)विद्यार्थीहरुलाई कामको संसार चिनाउन उद्योग भ्रमण र उद्योग संग सम्बन्धित बिषयगत विज्ञहरु संग अन्तरक्रिया तथा उत्प्रेरणात्मक सत्र आदिको लागि सहजीकरण गर्ने,

१७. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मातहतका शिक्षालय र विद्यालयको काम, कर्तव्य र अधिकार :**

(क) स्थानीय तहको समन्वयमा वृत्ति मार्गनिर्देशन सेवा इकाई स्थापना गर्ने

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने

(ग) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने

(घ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालाहरूसँग सञ्चार तथा समन्वय गर्ने

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको अवलोकन तथा सिकाइलाई प्रचार प्रसार गर्ने

(च) रोजगार पदस्थापन तथा वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन इकाई मार्फत वृत्ति मार्गनिर्देशनमा पहुँच अभिवृद्धिका लागि सहयोग गर्ने

(छ) आवश्यक पर्ने सूचना, शिक्षा, सञ्चार सम्बन्धी प्रचारप्रसारको लागि सहयोग गर्ने

(ज) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने

(झ) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा सम्बन्धित सम्पूर्ण विद्यार्थी तथा अभिभावकलाई जानकारी गराउने

(ञ) विद्यार्थीहरुलाई साधारण धार र प्राविधिक धार सम्बन्धि अभिमुखीकरणको लागि आवश्यक सहजीकरण गर्ने,

१८. **युवा परिषद्/युवा क्लब/सञ्जालको काम, कर्तव्य र अधिकार :**

(क) वृत्ति मार्गनिर्देशन सेवाहरूको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने

(घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाइ र असल अभ्यासलाई प्रचार प्रसार गर्ने

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

१९. **प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को काम कर्तव्य र अधिकार**

क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि स्थानीय तहलाई सहयोग तथा समन्वय गर्ने

ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि आफ्नो सेवा क्षेत्र भित्रका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई र विद्यालयहरूसँग समन्वय, सहकार्य तथा सहजीकरण गर्ने

ग) विद्यार्थीहरूको वृत्ति विकास विवरणलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग जोड्ने

घ) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धमा विद्यालयमा अनुगमन तथा सहजीकरण गर्ने ।

२०. **सामाजिक विकास कार्यालयको काम कर्तव्य र अधिकार**

क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि स्थानीय तहलाई सहयोग तथा समन्वय गर्ने

ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि आफ्नो सेवा क्षेत्र भित्रका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई र विद्यालयहरूसँग समन्वय, सहकार्य तथा सहजीकरण गर्ने

ग) विद्यार्थीहरूको वृत्ति विकास विवरणलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग जोड्ने

घ) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धमा विद्यालयमा अनुगमन तथा सहजीकरण गर्ने ।

## परिच्छेद - ५
## अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

२१. **वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन सम्बन्धी व्यवस्था** : वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तरीयता र प्रभावकारीताको लागि अनुगमन तथा सुपरिवेक्षण मन्त्रालय, शिक्षा विकास निर्देशनालय, स्थानीय सरकार, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् र निर्देशक समितिबाट हुनेछ ।

२२. **प्रतिवेदन सम्बन्धमा** : वृत्ति मार्गनिर्देशन सेवाको शिक्षा तालिम केन्द्रले त्रैमासिक/वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ । साथै विद्यालय वा रोजगार सेवा केन्द्र मार्फत हुने कार्यक्रमको हकमा स्थानीय तहमा पेश गर्नुपर्नेछ । त्रैमासिक/वार्षिक प्रतिवेदनको ढाँचा अनुसूची -४ बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## विविध

२३. **सेवा शुल्क सम्बन्धी व्यवस्था** : वृत्ति मार्गनिर्देशन सेवा (सूचना, परामर्श, तथा अन्य सेवा) उपलब्ध गराए बापत सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाइने छैन ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

२४. **बाधा अड्चन फुकाउः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२५. **कार्यविधि संशोधन तथा परिमार्जनः**- यस कार्यविधिमा संशोधन गर्नु परेमा आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई र अन्य विषयमा मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

मा. कान्चन चन्द्र बादे
मन्त्री

अनुसूची -१

(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

सम्भावित सेवाहरूको प्रक्रियागत विवरण

| प्रदान हुने सेवाहरू | उद्देश्य | सम्भावित कार्यहरू | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| व्यक्तिगत विवरणको विश्लेषण तथा मूल्याङ्कन | विद्यार्थी तथा युवाहरूको व्यक्तिगत पृष्ठभूमिको आधारमा सान्दर्भिक सूचनाहरूको बारेमा जानकारी दिनु | व्यक्तिगत तथ्याङ्क फाराम भर्ने | नयाँ आउने कक्षा ८ देखि १२ का विद्यार्थीहरूको अन्तिम सूचीको नामावली संकलन गर्ने<br>बेरोजगार युवाहरूको रोजगार सेवा केन्द्रसँग समन्वय गरी सूची तयार गर्ने |
| | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरूलाई नयाँ तथा सम्मानित पेशाहरूमा जानकारी गरी आकर्षित वातावरणको लागि आवश्यक सेवाहरू (transition services) प्रदान गर्नु | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरूसँगको छलफल तथा अन्तर्वार्ता | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरूसँगको अन्तर्वार्ताको लागि प्रधानाध्यापक, स्थानीय तहसँग समन्वय |
| | विगतमा विद्यालयले गरेको भएको समग्र कार्यसम्पादनको जानकारी तथा उत्तीर्ण परिणामको विवरणको तयारी गर्नु | विद्यालय प्रशासन तथा प्रधानाध्यपकसँगको छलफल तथा सम्मेलन | विद्यालय प्रशासन तथा प्रधानाध्यपकसँगको छलफल तथा सम्मेलनका लागि पत्राचार तथा सूचना सम्प्रेषण |

मा.कन्चन चन्द्र वादे
मन्त्री

| प्रदान हुने सेवाहरू | उद्देश्य | सम्भावित कार्यहरू | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| सूचना तथा जानकारी प्रवाह | वृत्ति मार्ग-निर्देशन कार्यक्रमको अवधारणा र महत्त्व पाठ्यक्रम र सिकाइ सामग्रीमा समावेश गर्न सहयोग गर्नु | वृत्ति सम्बन्धी चेतना अभिवृद्धि | वृत्ति मार्ग-निर्देशन कार्यक्रमको प्रस्तुति सम्बन्धी शिक्षक तथा प्रशासनका कर्मचारी सम्बन्धी बैठक तथा तयारी |
| | शैक्षिक संस्थाहरूमा अध्ययन हुने विषयवस्तु र वृत्ति मार्गनिर्देशनको सम्बन्धमा अनुसन्धान मार्फत वृत्ति विकासको छनोटमा सहयोग गर्नु | प्रशिक्षण मार्फत वास्तविक जाँचबुझ<br>आफ्नो दृष्टि (vision) को छनोट तथा परिभाषित | वृत्ति विकास संग्रहको ग्यालरी बनाई विद्यार्थी तथा युवाहरूलाई अवलोकन गर्ने, विभिन्न कक्षाका विद्यार्थीहरू जम्मा गरी आफ्नो रुचि र खुबी अनुसार व्यक्तिगत वृत्तिको छनोट गर्ने |
| | समतामूलक समाज निर्माणमा योगदान गर्नको लागि आफुले छनोट गरेको वृत्तिको महत्व र औचित्यको पहिचान गर्ने | अनुभवी विज्ञहरूको सिकाइ आदानप्रदान गर्ने | विभिन्न क्षेत्रबाट अभिभावकहरूलाई आफ्नो वृत्तिविकासको तयारी, अनुभव र सिकाइ आदानप्रदान लगाउने |
| | सञ्चालन भएका कार्यहरूबाट विद्यार्थी तथा युवाहरूले सिकाइको बारेमा समीक्षा गरी विद्यार्थीहरूलाई सहजीकरण गर्नु | समीक्षा तथा योजना कार्यशाला सञ्चालन | विद्यार्थी तथा युवाहरूले आफ्नो आफ्नो सिकाइ तथा अनुभवको समीक्षा कागजमा लेख्न लगाउने |
| परामर्श | वृत्ति छनौटमा कठिनाइ भएका विद्यार्थी तथा युवाहरूलाई परामर्श तथा सहयोग प्रदान गर्नु | व्यक्तिगत परामर्श | व्यक्तिगत परामर्श सञ्चालन गर्ने |
| | विद्यार्थी तथा युवाहरूले आफ्नो इच्छा गरेको पेशा र वास्तविक जीवनमा हासिल गरेका शैक्षिक उपलब्धिहरूको विश्लेषण गर्नु | वृत्ति विश्लेषण प्रोफाइल सिट | वृत्ति सम्पन्नमा विद्यार्थी तथा युवाहरूसँग छलफल तथा अन्तर्क्रिया गर्ने |



मा.कन्चन चन्द्र वादे
मन्त्री

| प्रदान हुने सेवाहरू | उद्देश्य | सम्भावित कार्यहरू | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| | व्यक्तिगत आचरण/व्यवहारले शैक्षिक/व्यावसायिक तथा वृत्ति विकासमा पार्ने प्रभाव प्रस्तुति गर्नु | आफ्नो क्षमता र पहिचानको बारेमा अनलाइन गेम मार्फत आँकलन गर्ने/गराउने | व्यक्तिगत रुचि र आचरणको लागि ग्रेड स्तर मूल्याङ्कन गर्ने |
| | विद्यार्थी तथा युवाहरूलाई उनीहरूको क्षमता अनुसार कार्यको लागि उपयुक्त ठाउँको पदस्थापनको लागि गाइड गर्नु | आफू सुहाउँदो ठाउँ कामको संसारमा पत्ता लगाउने विभिन्न गोष्ठी तथा Symposium हरू सञ्चालन गर्ने | वृत्ति मार्गनिर्देशन क्रियाकलापहरूको योजनाको लागि विद्यालय प्रशासन तथा शिक्षकहरूसँग गोष्ठी/कन्फरेन्स |
| पदस्थापन (Placement Support) | वृत्ति विकासको लागि विद्यालय र श्रम बजारसँगको अन्तरसम्बन्ध विस्तार गर्न पुलको भूमिका निर्वाह गर्नु | आफ्नो वृत्ति विकासको तयारीको लागि सोधखोज गर्ने | |
| | आफ्नो गन्तव्यमा कसरी पुग्ने भन्ने भविष्यको योजना तयारी गर्न व्यक्तिले सिक्नु पर्ने विषयहरूका बारेमा सचेत गराउनु | वृत्ति पार्श्वचित्र वा गोष्ठी वा वृत्ति अन्तर्वार्ता गर्ने | |
| | कामले व्यक्तिगत तथा पारिवारिक तहमा ठूलो प्रभाव पर्दछ भन्ने बुझाइको विकास गर्नु | वृत्ति मेला तथा श्रम बजार मेला | |
| | छनोट गरिएको वृत्तिको सफलताको लागि अपनाइएको उत्प्रेरणा तथा प्रयास तय गर्नु | आफ्नो भविष्यको तयारीको लागि आफैलाई पत्र वा समीक्षा | |
| रिफरल सेवा | विशेष आवश्यकता र ध्यान केन्द्रित गर्नुपर्ने विद्यार्थी तथा युवाहरूलाई सहयोग गर्नु | विद्यार्थी तथा युवाको ट्र्याक रेकर्ड तथा प्रतिवेदन हेरी विश्लेषण गर्ने | यस्ता मुद्दाको लागि उपयुक्त व्यक्तिको सहयोगको लागि समन्वय गर्ने |

मा.कन्चन चन्द्र वादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल


| प्रदान हुने सेवाहरू | उद्देश्य | सम्भावित कार्यहरू | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| अनुसन्धान (कम्तिमा एउटा अध्ययन गर्ने क्षेत्रको छोटो लेख लेखे) तथा मूल्याङ्कन | विभिन्न अनुसन्धान विधिहरू मार्फत आफ्नो वृत्ति छनोट गर्नको लागि विद्यालय, घर, तथा समुदायमा उपलब्ध स्रोतहरूको उपयोग गर्न विद्यार्थीहरूलाई सहयोग गर्नु | प्रयोगात्मक क्रियाकलापः यसको वृत्ति छनोटमा भूमिका | वृत्ति अनुसन्धान प्रस्तुति तथा छलफल |
| | शैक्षिक वर्ष भित्र सञ्चालित क्रियाकलापहरूको प्रभाव मूल्याङ्कन गर्नु | सर्वेक्षण गर्ने | विद्यार्थी, अभिभावक, शिक्षक तथा प्रशासनका कर्मचारीहरूलाई सर्वेक्षण सिट प्रदान गर्ने |

मा.कान्चन चन्द्र वादे
मन्त्री

अनुसूची -२

(दफा ५ को ट सँग सम्बन्धित)

वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको विस्तृत ढाँचा




मा.कन्चन चन्द्र वादे
मन्त्री

अनुसूची–३

(दफा ११ को ञ सँग सम्बन्धित)

## वृत्ति मार्गनिर्देशन सेवाको लागि संयोजक/सहजकर्ताको योग्यता तथा छनोट मापदण्ड

सेवा सञ्चालन रहेको कार्यालयको अधिकृतस्तरको जनशक्तिलाई संयोजक, सहजकर्ता र व्यवस्थापकको रुपमा जिम्मेवारी प्रदान गर्न सकिनेछ । उक्त जनशक्तिलाई सेवा सम्बन्धी साथै अन्य थप कर्मचारीहरूको आवश्यकता भएमा वा कुनै संघ संस्थाहरूबाट जनशक्ति उपलब्ध गराउन चाहेमा तपशिल अनुसार योग्यता भएको जनशक्ति हुनुपर्नेछ । कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालय र मातहतका निकायहरुमा जनशक्तिका लागि थप दरबन्दी सिर्जना गरिने छैन तर स्वयमसेवकको रुपमा भने खटाउन सकिनेछ ।

- मनोसामाजिक, समाजशास्त्र वा अन्य विषयमा स्नातक वा स्नातकोत्तर पास भएको हुनु पर्ने
- सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्षको अनुभव भएको हुनु पर्ने
- वृत्ति मार्गनिर्देशन/परामर्श सम्बन्धी तालिम प्राप्त गरेको हुनु पर्ने
- कम्प्युटर सम्बन्धी जानकारी भएको हुनु पर्ने
- नेपाली र अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनु पर्ने
- समन्वय/सहजीकरण गर्न सक्ने क्षमता भएको हुनु पर्ने
- प्रतिवेदन लेख्न सक्ने हुनु पर्ने
- वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र व्यवस्थापन गर्न सक्ने क्षमता भएको हुनु पर्ने ।

मा. कन्चन चन्द्र बादे
मन्त्री

अनुसूची-४

(दफा २२ सँग सम्बन्धित)

वृत्ति मार्गनिर्देशन कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन

**सम्पन्न प्रतिवेदन**

(प्रतिवेदन अवधिः मिति ...................... देखि मिति ..................... सम्म)

**प्रतिवेदन पेश गरिएको संस्था:**

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, मकवानपुर

**प्रतिवेदन पेश गर्ने संस्था:**

..........................................

..................................

# वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्पन्न प्रतिवेदन

१. कार्यक्रमको परिचय :

२. कार्यक्रमको उद्देश्य :

३. वृत्ति मार्गनिर्देशन सम्बन्धी विस्तृत प्रगति विवरण

क) सेवाग्राहीको संख्यात्मक विवरण :

| क.सं. | वृत्ति सेवा | सेवाग्राही संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | | | | |
| २ | | | | |
| | | | | |
| जम्मा सेवाग्राही संख्या | | | | |

ख) वृत्ति परामर्श सम्बन्धी भएका कक्षाहरूको विवरण :

| क. सं. | विषय | घण्टा |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

४. युवा/विद्यार्थीहरूको अनुभव :

५. वृत्ति मार्गनिर्देशक परमर्शकर्ताको अनुभव तथा सिकाइ :

६. वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र अनुभव तथा सिकाइः

७. समग्र उपलब्धिहरूः

८. सुधारको लागि सुझाव तथा सल्लाहः

९. अनुसूची